आज मिति २०७६।१२।०५ गते निजगढ नगरपालिकाका प्रमुख तथा नगर कार्यपालिका अध्यक्ष श्री सुरेश कुमार खनाल ज्यूको अध्यक्षतामा निजगढ नगर कार्यपालिकाको ७८ औं बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

१. प्रमुख श्री सुरेश कुमार खनाल, निजगढ नगरपालिका

२. उप-प्रमुख श्री लिला देवी लामिछाने खनाल, निजगढ नगरपालिका

३. वडा अध्यक्ष- वडा नं १ श्री मंगले लोप्चन

४. वडा अध्यक्ष- वडा नं २ श्री केशव प्रसाद उपाध्याय ढोडारी

५. वडा अध्यक्ष- वडा नं ३ श्री जीत बहादुर तामाङ

६. वडा अध्यक्ष- वडा नं ४ श्री जयराम कुवँर

७. वडा अध्यक्ष- वडा नं ५ श्री थल प्रसाद गौतम

६. वडा अध्यक्ष- वडा नं ६ श्री कुश बहादुर थापा

७. वडा अध्यक्ष- वडा नं ७ श्री रामजी प्रसाद बजगाई

८. वडा अध्यक्ष- वडा नं ८ श्री टेक बहादुर लामा

९. वडा अध्यक्ष- वडा नं ९ श्री सुदर्शन प्रसाद बडाल

१०. वडा अध्यक्ष- वडा नं १० श्री पदम बहादुर मोक्तान

११. वडा अध्यक्ष- वडा नं ११ श्री प्रेम बहादुर रुम्बा

१२. वडा अध्यक्ष- वडा नं १२ श्री ज्ञान बहादुर गोले

१३. वडा अध्यक्ष- वडा नं १३ श्री सुर्य घलान

१४. नगर कार्यपालिका सदस्य श्री जगत कुमारी अधिकारी

१५. नगर कार्यपालिका सदस्य श्री निमादेवी विश्वकर्मा

१६. नगर कार्यपालिका सदस्य श्री मिनमाया लामा

१७. नगर कार्यपालिका सदस्य श्री राधा कुमारी पुलामी मगर

१८. नगर कार्यपालिका सदस्य श्री लक्ष्मी गौतम

१९. नगर कार्यपालिका सदस्य श्री पदम बहादुर भुजेल

२०. नगर कार्यपालिका सदस्य श्री पवन विश्वकर्मा

२१. नगर कार्यपालिका सदस्य श्री सरिता राई दनुवार

२२. प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव श्री विशकसेन ढकाल

आमन्त्रित :

१. उप-सचिव श्री राजु बानियाँ

२. लेखा अधिकृत श्री शिव प्रसाद देवकोटा

३. अधिकृत सातौं श्री पदमराज तिमल्सिना

४. अधिकृत सातौं श्री रमेश लामा

५. अधिकृत छैटौं श्री रविन घिमिरे

६. ना.प्रा.स. श्री विनय चौधरी

प्रस्ताव तथा निर्णयहरु :

**प्रस्ताव नं १ : इण्डक्सन चुल्होको लागि बजेट व्यवस्थापन गर्ने सम्बन्धमा ।**

निर्णय नं १ : बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रबाट लागत साझेदारीमा इण्डक्सन चुल्हो नगरपालिका क्षेत्र भित्रका विभिन्न वडामा वितरण गर्नका लागि म्याचिङ फण्डबाट व्यहोर्ने गरी रु. १०(दश) लाख विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ : दमकल सञ्चालन गर्नका लागि सवारी चालक र हेल्परको दरबन्दी व्यवस्था गर्ने सम्बन्धमा ।**

निर्णय नं ३ : निजगढ नगरपालिकाद्धारा सञ्चालन गरिने दमकल सञ्चालन गर्नका लागि एक (१) जना चालक तथा एक (१) जना हेल्परको करार सवाबाट पदपुर्ति गर्नेगरी अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ : नदी नियन्त्रण र ग्रेडर को रकम सम्बन्धमा ।**
निर्णय नं : नदी नियन्त्रण कार्यको लागि खर्च भएको रकम शिर्षक नं ५ मेशिनरी साधन तथा दमकल खरिद शिर्षकबाट देहाय बमोजिमका फर्महरुलाई रु.३८,४९,४२६।३८ (अक्षेरुपी अट्तीस लाख उनन्चास हजार चार सय छब्बीस पैसा अट्तीस मात्र) भुक्तानी गर्ने निर्णय गरियो । साथै दशै-तिहारको समयमा नगरका बाटाहरुको मर्मत गर्दा ग्रेडर लगाउने, ग्राभेल गर्ने लगायतका कार्यहरु गर्दा भएको खर्च रकम सरसफाई शिर्षकबाट रु १०,०१,६०९।७६ (अक्षेरुपी दश लाख एक हजार छ सय नौ पैसा छहत्तर मात्र) भुक्तानी गर्ने निर्णय गरियो । माथी उल्लेखित निर्णयहरु अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

नदि नियन्त्रण कार्यमा भएको खर्च

| सि.नं. | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | सुमी निर्माण सेवा | रु.९,९२,३४०।६१ | |
| २ | आशा कन्ट्रक्सन | रु.१५,८१,३७७।४७ | |
| ३ | पम्फा निर्माण सेवा | रु.४,२४,२६९।५० | |
| ४ | तिमल्सेना बिल्डर्ल्स | रु.८,५१,४३८।८० | |

**प्रस्ताव नं ४ : आर्थिक सहायता वितरण गर्ने सम्बन्धमा ।**

निर्णय नं ६ : आर्थिक सहायताका लागि प्राप्त भएका निवेदनहरु मध्ये देहाय बमोजिमका महानुभावहरुलाई देहाय बमोजिम आर्थिक सहायता दिने निर्णय गरियो ।

| सि.नं. | निवेदकको नाम, थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सुमित्रा घिमिरे | वडा नं १० | रु.५,०००/- | |
| २. | श्री मीन बहादुर श्रेष्ठ | वडा नं ९ | रु. ५,०००/- | |
| ३. | श्री इवन माझी | वडा नं ८ | रु. ५,०००/- | |

**प्रस्ताव नं ५ : नदीजन्य पदार्थको घाटगद्दी गर्ने सम्बन्धमा ।**

निर्णय नं ६ : बकैया नदीबाट नदीजन्य पदार्थको अस्थायी रुपमा भण्डारण गर्नका लागि वडा नं ९ स्थित शहिद हिरालाल रंगशाला आसपास र वडा नं ४ मा प्राविधिक दृष्टिकोणले उपयुक्त नगरपालिकाले तोकेबमोजिम क्षेत्रमा भण्डारण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं ६ : नगर भवन माथी ट्रष्ट राख्ने सम्बन्धमा ।**

निर्णय नं ६ : नयाँ नगर भवन माथी ट्रष्ट राख्नका लागि प्राविधिक लागत अनुमान बमोजिम खुला सूचना आह्वान गरी निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ : विविध ।**

निर्णय नं ७ : विविध विषयहरुमाथी छलफल गर्दा गृह मन्त्रालय तथा स्वास्थ्य मन्त्रालयबाट नगर प्रमुखलाई टेलिफोनबाट निजगढ नगरपालिका, प्राथामिक स्वास्थ्य केन्द्रबाट वैदेशिक रोजगारीमा जाने केहि युवकहरुलाई कोरोना भाइरस सङ्क्रमण नभएको भनी सोहि केन्द्रमा कार्यरत मेडिकल अफिसर डा. दिपेन्द्र यादवले सिफारिस गरेको भन्ने विषयमाथी बुझ्दा सोहि केन्द्रमा कार्यरत सि.अ.हे.ब. श्री लीला बहादुर लामाले मेडिकल अफिसर डा. दिपेन्द्र यादवको किर्ते हस्ताक्षर गरी सिफारिस गरेको भनी बुझिन आएकाले नीज श्री सि.अ.हे.ब. श्री लीला बहादुर लामालाई स्पष्टिकरण सोधी सोको किनारा नलागेसम्म प्राथामिक स्वास्थ्य केन्द्रको जिम्मेवारीबाट अलग गरी नगरपालिकामा हाजिर गराउने निर्णय गरियो ।